

# अध्याय -७

## आशाद्धारा अभिप्रेरित

<u>यस अध्यायका मूल पदहरू:</u> १ थेस्सोलिनिकी ४:१३-१८; मत्ती २४:२७,३०,३१; २ पत्रुस १:१९-२१; दानिएल ८:१४; दानिएल ९:२०-२७; एज्रा ७:७-१३।

***यस अध्यायको मुल सार पद:*** **"त्यस दिन तिनीहरूले यसो भन्नेछन्, "निश्चय उहाँ नै हाम्रा परमेश्वर हुनुहुन्छ, हामीले उहाँमाथि भरोसा गऱ्यौं र उहाँले नै हामीलाई बचाउनुभयो। उहाँ नै परमप्रभु हुनुहुन्छ, उहाँमाथि हामीले भरोसा गऱ्यौं। उहाँले गर्नुभएको उद्धारमा हामी खुशी होऔं र रमाऔं।"यशैया २५:९।**

**येशूको दोस्रो आगमन बाइबलका धेरै केन्द्रबिन्दु विषयहरूमा एक हो। पवित्र बाइबलका पानाहरूमा यो विषय सुनको धागो जस्तै बुनिएको छ।** कमसेकम १८४५ पदहरू पुरानो करारमा येशूको दोस्रो आगमनको बारेमा छन् भनेर एकजना विद्वानले लेखेका छन्। नयाँ करारमा २६० अध्यायहरू छन् त्यसमा येशूको आगमनको बारेमा ३०० पल्ट सम्बोधन गरिएको छ। प्रत्येक २५ पदहरूमा एउटा पद येशूको आगमनको बारेमा उल्लेख गरिएको छ। नयाँ करारमा २७ वटा पुस्तकहरू छन्, त्यसमा २३ पुस्तकहरूमा त्यस महान् विषयको बारेमा उल्लेख गरिएका छन्।

मध्यकालिन युगमा युरोपको सुधारवादका संस्थापक इसाईहरू पछि चर्चमा धेरै विभाजन र द्वन्द्व भयो। युरोपबाट सुधारवादी इसाईहरू नयाँ देशहरूमा फैलिन थाल्यो। अमेरिकाका इसाईहरूले सुधारवादीहरूले विछ्याएका

सत्यहरूलाई टिप्न थालेका थिए। ती सत्यहरूमा येशूको दोस्रो आगमन पनि एउटा थियो।

तिनीहरूमा इसाई बप्टिस्ट सम्प्रदायका किसानी विलियम मिलर पनि थिए। बढो चासो लिएर उनले बाइबल अध्ययन गर्ने क्रममा उनकै जीवनीमा येशूको दोस्रो आगमन हुनेछ भनेर विश्वास गर्न पुगेका थिए। उनले यो सन्देश जताततै सुनाउन थाले। येशूको आगमनको समय तोकेर अमेरिकामा अभियान नै चलाए। हजारौं इसाईहरू उनको विश्वासमा लागेर त्यस दिनको प्रतिक्षा गरे। तर उहाँको आगमन विलियम मिलरले तोकेको समयमा नभएपछि धेरै मानिसहरू अति निराश भएका थिए र कतिले त येशूमाथिको विश्वास पनि छोडेका थिए। तर धेरै मानिसहरूले बाइबलमा के पो सत्य रहेछ भनेर फेरि खोजनीति गर्न थाले, त्यो प्रक्रिया अझ पनि जारी  नै छ।

***येशूको दोस्रो आगमनको सन्देशले विश्वासीहरूको हृदय शताब्दीयौंदेखि किन आनन्दले भरियो र त्यस महान् घट्नाको निम्ति हामी कसरी तयार हुन सक्छौं भनेर यस अध्यायमा हामी नियाल्नेछौं।***

## १. उहाँको आगमनको प्रतिज्ञा

सुधारवादी इसाईहरू र विश्वासको निम्ति रोमन क्याथोलिक चर्चले दिएको सतावट सहन नसक्ने इसाईहरू युरोपको हल्याण्डबाट नयाँ संसार वा भर्खर स्थापना हुन गइरहेको अमेरिकामा आएका थिए। तिनीहरू सबैले येशूको दोश्रो आगमनको प्रतिक्षा गरेका थिए। तिनीहरूको निम्ति येशूको आगमन सच्चिदानन्दको अनुभव हुने छ भनेर अपेक्षा गरेका थिए। येशूको आगमन चर्चको आशा हो भनेर सुधारवादी येशूभक्त जोन वाइक्लिफले बढो उत्सुकतासाथ हेरिरहेका थिए। अर्को सुधारवादी क्यालभिनले सबै सुधारवादी इसाईहरू वा प्रोटेस्टेन्टहरूको निम्ति ख्रीष्टको आगमन सबै घट्नाहरूको चुचुरो र शुभ दिन हो भनेर बताएका थिए। येशूभक्त बफादारी पुरुष र महिलाको निम्ति येशूको दोश्रो आगमन हृदयमा सजाउने घट्ना हो तर तर्साउने होइन भनेर जिकिर गरी राख्नुपर्दछ।

**शताब्दीयौंदेखि येशूको आगमन येशूभक्तहरूको निम्ति किन आशा भइरहेको छ भनेर देहायका पदहरूले कसरी बताउँदछ? हेर्नुहोस्, "१ "तिमीहरूको हृदय व्याकुल नहोस्। तिमीहरू परमेश्वरमाथि विश्वास गर्दछौ, ममाथि पनि विश्वास गर। २ मेरा पिताको घरमा बस्ने ठाउँहरू धेरै छन्।**

त्यसो नभए, के म तिमीहरूलाई भन्नेथिएँ र, कि तिमीहरूका निम्ति ठाउँ तयार पार्न म गइरहेछु? ३ अनि गएर मैले तिमीहरूका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु, र तिमीहरूलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ। ४ जहाँ म गइरहेछु, तिमीहरू त्यहाँ जाने बाटो चिन्छौ।"यूहन्ना १४:१-४; "तर भाइ हो, सुतिगएकाहरूका विषयमा तिमीहरू अजान बस भन्ने हामी इच्छा गर्दैनौं, र तिमीहरूले आशा नहुने मानिसहरूजस्ता शोक गर्नु नपरोस्। १४ किनकि हामी विश्वास गर्छौं, कि येशू मर्नुभयो र फेरि जिइउठ्नुभयो र त्यसरी नै परमेश्वरले उहाँमा सुतिगएकाहरूलाई येशूद्वारा ल्याउनुहुनेछ। १५ प्रभुको वचनद्वारा हामी तिमीहरूलाई घोषणा गर्छौं, कि हामी, जो जीवित छौं र प्रभुको पुनरागमनसम्म बाँचिरहन्छौं, सुतिगएकाहरूलाई कुनै किसिमले पनि उछिन्नेछैनौं। १६ किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन्। १७ तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं। १८ यसैकारण एउटाले अर्कालाई यी वचनहरूले सान्त्वना देओ।" १ थेस्सोलिनिकी ४:१३-१८ र "११ किनकि सबै मानिसहरूका मुक्तिको निम्ति परमेश्वरको अनुग्रह प्रकट भएको छ, १२ जसले हामीलाई भक्तिहीनता र सांसारिक तृष्णाहरू त्याग्न र संसारमा संयमी, सोझो र भक्त भएर जीवन यापन गर्न तालीम दिन्छ। १३ र हाम्रो धन्यको आशा– हाम्रा महान् परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टका महिमाको आगमनको हामी प्रतीक्षा गर्दछौं। १४ ख्रीष्टले हामीलाई सबै अधर्मबाट मोल तिरेर उद्धार गर्नुभयो, सुकर्ममा जोशिलो भएको आफ्नै निम्ति एक विशेष जाति शुद्ध पार्नलाई आफूलाई दिइहाल्नुभयो। १५ यी कुराहरूको घोषणा गर, पूरा अधिकारसहित अर्ती-उपदेश देऊ र हप्काऊ। कसैले तिम्रो अवहेलना नगरोस्।" तितस २:११-१५।

बाइबल र बाइबललाई मात्र विश्वास गर्ने येशूभक्तहरू येशूको दोस्रो आगमनमा किन विश्वास राखे भन्ने तथ्यलाई बुझ्न सजिलो छ। यसले रोग, बिमार, दुःख, कष्ट, पीडा र मृत्युको अन्त्यलाई औंल्याउँछ। गरिब, अन्याय, दुःखी, दवाव र सतावटको अन्त हुनेछ भनेर तिनीहरूले विश्वास गरेका थिए। त्यसबेला, झगडा, द्वन्द्व, कचकच, कलह र युद्धहरूको अन्त हुने अपेक्षा गरिएको थियो। यसले शान्ति, सुखी, मेलमिलाप र ख्रीष्ट र मुक्ति पाएकाहरूसँग सदाकाल सङ्गत हुनेछ भनेर भविष्यवाणी गर्दछ।

"येशूको दोस्रो आगमन उहाँका सक्कल बफादारी अनुयायीहरूको निम्ति युगौं युगदेखि आशा भइरहेको छ। आफू स्वर्गमा उत्रिनुभन्दा अघि येशूले चेलाहरूलाई ओलिभ पहाडमा दिनुभएको आफू फेरी फर्किनेछ भनेर विदाइको प्रतिज्ञामा उल्लेख गर्नुभएको थियो। यो प्रतिज्ञाले गर्दा चेलाहरूका हृदयहरू आनन्द र आशाले भरिएको थियो। त्यसले गर्दा तिनीहरूले पाएका दुःख, कष्ट, पीडा, परीक्षा र यातना मन्द भएको थियो। सतावत र कष्टको बिचमा "महान् परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टका महिमाको आगमनको प्रतीक्षा धन्यको आशा थियो।" जब आफ्ना मरेका प्रियजनहरूलाई गाड्नुपर्दा थेस्सोलोनिकीका इसाईहरूका हृदय शोकले भरिएका थिए। ती प्रियजनहरू येशूको आगमनमा जिउन आशा गरेका थिए। पावलले तिनीहरूलाई पुनरुत्थानको दिनलाई औंल्याएका थिए जुन मुक्तिदाताको दोस्रो आगमनमा हुनेछ। १ थेस्सोलिनिकी ४:१६-१८मा उनले बताउँछन्, "१६प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन्। १७ तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं। १८ यसैकारण एउटाले अर्कालाई यी वचनहरूले सान्त्वना देओ।"-*द ग्रेट कन्त्रोभर्सी,* पृ. ३०२।

***हाम्रा आस्था, निष्ठा र विश्वासमा येशूको दोस्रो आगमन किन अति महत्त्वपूर्ण छ? हामीलाई थाहा छ कि मृत्यु चिर निन्द्रा नभएर क्षणिक मात्र हो। यो शिक्षा किन महत्त्वपूर्ण छ? यस विश्वासबिना हाम्रो जीवन आशारहित र अनर्थ किन हुन्छ (१ कोरन्थी १५:१५-१८)?***

## २. येशूको आगमनको समयको अपेक्षा

सुधारवादी इसाईहरूले येशूको महिमित आगमन प्रत्यक्ष, सुन्ने र देख्ने गरेर हुनेछ भनेर विश्वास गरेका थिए। तर समयको परिवर्तनमा यो सत्य शिक्षामा पनि विस्तारै परिवर्तन हुन थाल्यो। उन्नाइसौं शताब्दीको लोकप्रिय प्रचारकहरूले येशूको आगमनमा उहाँले आफ्नो राज्य स्थापना गर्नुहुनेछ र हजार वर्ष शान्ति हुनेछ भनेर सिकाउन थालेका थिए। यसले गर्दा मानिसहरूमा आत्मिक सुस्तपना र उदासिन छाउन थालिएको थियो। तिनीहरूले आत्मिक

नैतिक, मूल्य, मान्यता र आवश्यकताहरूप्रति समर्पित हुन लापर्वाही हुन अग्रसर गराएको थियो।

मसीहको दोस्रो आगमन कसरी हुनेछ भन्ने ज्ञान येशूका चेलाहरूमा गलत बुझाइ थियो। येशू एक विजयी सेनापति वा स्वतन्त्र सेनानी भएर आउनुहुनेछ र रोमीहरूको दासत्वको जुवा फोड्नुहुनेछ र चेलाहरूलाई स्वतन्त्र पार्नुहुनेछ भनेर तिनीहरूले सोचेका थिए। तर उहाँ पापका दोष र सिक्रीहरूबाट उद्धार गर्नुहुनेछ भन्ने सोचमा तिनीहरू थिएनन्। यसले गर्दा उहाँ कसरी र किन फर्किनुहुनेछ भन्ने बुझाइमा कमी भएको थियो।

कुन तरिका अपनाउनुभएर येशू आउनुहुनेछ भनेर देहायका पदहरूले हामीलाई के सिकाउँदछ? हेर्नुहोस्, "९ उहाँले यो कुरा भन्नुभएपछि, तिनीहरूले हेर्दाहेर्दै उहाँ उँभो उचालिनुभयो, र बादलमा उहाँ तिनीहरूका दृष्टिबाट लोप हुनुभयो। १० जब तिनीहरूले उहाँ जाँदैगर्नुभएको एकटक आकाशतिर हेरिरहेका थिए, तब अचानक सेतो पोशाक लाएका दुई जना मानिस तिनीहरूका नजिक खड़ा भए। ११ तिनीहरूले भने, "गालीलका मानिस हो, तिमीहरू किन आकाशतिर हेर्दै उभिरहेका छौ? यही येशू, जो तिमीहरूबाट स्वर्गमा लगिनुभयो, अहिले जसरी तिमीहरूले उहाँलाई स्वर्गमा जानुभएको देख्यौ, त्यसरी नै उहाँ फेरि आउनुहुनेछ।"प्रेरित १:९-११; "हेर, उहाँ बादलहरूसाथ आउँदैहुनुहुन्छ, र हरेक आँखाले उहाँलाई देख्नेछ। तिनीहरूले पनि, जसले उहाँलाई घोचे, र पृथ्वीका सबै कुलहरूले उहाँको कारण विलाप गर्नेछन्। यसै होस्। आमेन।" प्रकाश १:७ र "२६ "यदि तिनीहरूले तिमीहरूलाई 'हेर, उनी उजाड-स्थानमा छन्' भनी भन्छन् भने बाहिर निस्केर नजाओ। अनि 'हेर, उनी भित्री कोठाहरूमा छन्' भने पनि विश्वास नगर। २७ किनकि जसरी बिजुली पूर्वबाट चम्कँदा पश्चिमसम्मै उज्यालो हुन्छ, त्यसरी नै मानिसको पुत्रको आगमन हुनेछ। २८ जहाँ सिनु हुन्छ, त्यहाँ गिद्धहरू पनि जम्मा हुन्छन्। २९ "ती सङ्कष्टका दिनको तुरुन्तै पछि, सूर्य अँध्यारो हुनेछ, र चन्द्रमाले आफ्नो चमक दिनेछैन, र ताराहरू आकाशबाट खस्नेछन्, तथा आकाशका शक्तिहरू हल्लाइनेछन्। ३० तब मानिसको पुत्रको चिन्ह आकाशमा देखा पर्नेछ, र पृथ्वीका सब जातिहरू विलाप गर्नेछन्, र तिनीहरूले मानिसको पुत्रलाई आकाशका बादलहरूमा शक्ति र ठूलो महिमासाथ आइरहेको देख्नेछन्। ३१ उसले आफ्ना स्वर्गदूतहरूलाई तुरहीको ठूलो आवाजको साथ पठाउनेछ, र तिनीहरूले आकाशको एक छेउदेखि अर्को

**छेउसम्म चारै दिशाबाट उसका चुनिएकाहरूलाई भेला गर्नेछन्।" मत्ती २४:२६-३१**

जब येशू बेथलेहेमको गोठमा जन्मिनु भएको थियो केवल केही मानिसहरूले मात्र उहाँको आगमनलाई देख्न पाएका थिए। तर, जब उहाँ दोस्रो पल्ट आउनुहुनेछ, तब प्रत्येक आँखाले उहाँलाई देख्नेछ। तुरहीको आवाज फुकेको प्रत्येक कानले सुन्नेछ। यस संसारमा रहेको प्रत्येक मानव प्राणीले उहाँको महिमा देख्नेछन्। हामी कोही पनि धोखामा पर्नु आवश्यक छैन। उहाँको दोस्रो आगमनको बेलामा हुने घट्नाहरू के हुनेछ भनेर बाइबलले स्पष्ट रूपमा व्याख्या गरेको छ।

"बाइबलमा धेरै महिमित र अत्यन्तै गम्भीर सत्यहरू कोरिएका छन्। तिनीहरूमा येशूको दोस्रो आगमन पनि हो। उहाँको आगमनले उहाँको मुक्तिको योजनालाई पूर्ण रूप दिइनेछ। यस संसारमा परमेश्वरका जनहरू प्रवाशी र यात्रुहरू हुन्। तिनीहरू मृत्युको छायाँमा परिरहेकाछन्। तिनीहरूको निम्ति अति बहुमूल्य र आनन्द दिने आशा उपलब्ध गराएको छ। त्यो हो उहाँको आगमनको प्रतिज्ञा। उहाँ पुनरुत्थान र जीवन हुनुहुन्छ। उहाँबाट हराइरहेकाहरूलाई उहाँले आफ्नो घरमा फर्काउनुहुनेछ। येशूको दोस्रो आगमनको शिक्षा नै पवित्र बाइबलको मुख्य विषयबस्तु हो। जुन दिनदेखि पहिलो दम्पत्ति अदनको बगैंचाबाट दुःखित भएर निस्किनु परेको थियो त्यही दिनदेखि परमेश्वरका निष्ठावानहरू प्रतिज्ञा गरिएको ख्रीष्टको आशामा बाँचिरहेका थिए। उहाँले सैतानको शक्तिलाई नाश गर्नुहुनेछ। अनि गुमाइएको स्वर्ग वा अदनको बगैंचामा उहाँले फेरि हुल्नुहुनेछ।"-द ग्रेट कन्त्रोभर्सी, पृ. २९९।

प्रारम्भिक एडभेन्टिस्ट अगुवा लुथर वारेनले युवाहरूलाई भन्ने गर्थे, "येशूको आगमनको निम्ति तयार हुने केवल एउटै उपाया छ त्यो हो तयार हुनु र तयार भएर बस्नु।" येशूको सिघ्र आगमनको सन्देशको जरुरी अपील वा आह्वानले हाम्रा हृदयको जाँच गरिन्छ र हाम्रा आत्मिक जीवनलाई मूल्याङ्कन गराउँछ। यो ईश्वरीय वा धर्मपरायण जीवन जिउने आह्वान हो। येशूको आगमनमा हुने आँखा नै तिर्मिराउने ज्योतिबाट बच्ने कुनै मध्यम मार्ग छैन।

**खीष्टको आगमनको तरिकालाई सम्बोधन गर्ने देहायका पदहरूले हामीलाई कस्तो उत्साह दिन्छ? हेर्नुहोस्, "१ तर भाइ हो, समय र बेलाको विषयमा तिमीहरूलाई केही लेख्ने आवश्यकता छैन। २ किनकि तिमीहरू आफै राम्ररी जान्दछौ, प्रभुको दिन त रातमा चोर आएझैं आउनेछ। ३ जब मानिसहरू**

"शान्ति र सुरक्षा" भनिरहेका हुन्छन्, तब गर्भवती स्त्रीलाई बेथा लागेझैं अचानक तिनीहरूमाथि विनाश आइलाग्छ, र तिनीहरू कुनै रीतिले उम्कनेछैनन्। ४ तर भाइ हो, तिमीहरू अन्धकारमा छैनौ, तसर्थ त्यस दिनले तिमीहरूलाई चोरले जस्तै चकित पार्नेछैन। ५ किनकि तिमीहरू सबै ज्योतिका सन्तान र दिनका सन्तान हौ। हामी रातका र अन्धकारका सन्तान होइनौं। ६ यसकारण अरूहरूझैं हामी नसुतौं, तर जागा बसौं, र सचेत होऔं। ७ किनकि सुत्नेहरू रातमा सुत्छन्, र मद्य पिएर मात्नेहरू रातैमा मात्छन्। ८ तर हामीचाहिँ दिनका हुनाले हामी सचेत होऔं, र विश्वास र प्रेमका छातीको पाता र मुक्तिका आशाको टोप लगाऔं। ९ किनकि परमेश्वरले हामीलाई क्रोधको निम्ति होइन, तर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा मुक्ति प्राप्त गर्नलाई अघिबाटै नियुक्त गर्नुभएको हो। १० उहाँ हाम्रा निम्ति मर्नुभयो, ताकि हामी जागा बसौं वा सुतेका होऔं, हामी सबै उहाँकै साथमा जिउन सकौं। ११ यसकारण एउटाले अर्कालाई प्रोत्साहन देओ, र एउटाले अर्कालाई दह्रिलो पार्ने काम गर, जस्तो तिमीहरू गर्दै पनि छौ।" १ थेस्सोलिनिकी ५:१-११ र " २७ जसरी मानिसको निम्ति एक पटक मर्नु निश्चित छ, र त्यसपछि इन्साफ, २८ त्यसरी ख्रीष्ट पनि धेरै जनाका पाप बोक्नलाई एकै पल्ट बलि हुनुभयो, र उहाँ दोस्रो पल्ट देखा पर्नुहुनेछ, पाप बोक्नका निम्ति होइन, तर उत्सुकतापूर्वक उहाँको प्रतीक्षा गर्नेहरूका उद्धारको निम्ति।" हिब्रू ९:२७-२८।

## ३. विलियम मिलर र बाइबल

केवल ख्रीष्टमा मात्रै विश्वासद्वारा निर्दोष ठहरिन्छ भन्ने सत्य ज्ञानलाई पुनः पत्ता लगाउन परमेश्वरले मध्यकालिन युगमा सुधारवादी वा प्रोटेस्टेन्ट इसाईहरूलाई प्रयोग गर्नुभएको थियो, त्यसरी नै येशू ख्रीष्टको दोस्रो आगमन कसरी हुनेछ भन्ने सत्य ज्ञानलाई पुनः पत्ता लगाउन उहाँले विलियम मिलरलाई प्रयोग गर्नुभएको थियो। जब उनले लगनशील भएर बाइबल अध्ययन गरे तब ख्रीष्टले उनलाई अपार प्रेम गर्नु भएको थियो भनेर उनले पत्ता लगाएका थिए। उनले हातमा बाइबल र कलम लिएर केलाउँदै अध्ययन गर्न थाले। बाइबलमा भएको प्रत्येक अंश बुझ्न धेरै प्रयास गरे। बाइबलले बाइबललाई नै बुझाउन बाइबलले व्याख्या गरोस् भनेर एक अंशबाट अर्को अंश तुलना गर्दै उनले अध्ययन गर्न थालेका थिए।

बाइबललाई कसरी व्याख्या गर्नैं भन्ने नीतिहरू देहायका पदहरूमा पाइन्छ। ती नीतिहरू के हुन्? हेर्नुहोस्: "९ "त्यसले कसलाई सिकाउन चाहेको छ? कसलाई त्यसले समाचारको अर्थ बुझाउँदैछ? भर्खर दूध छोड़ेका बालकहरूलाई, भर्खर दूधबाट अलग गरिएकाहरूलाई? १० किनकि यस्तो छ– गरिबस, गरिबस, शासन गर, शासन गर, यहाँ अलिकति, त्यहाँ अलिकति।"यशैया २८:९-१०; "६ सुन, तिमीहरूलाई बताउनुपर्ने आदरणीय कुराहरू मसँग छन्, ठीक कुरा बोल्न म मेरो मुख खोल्छु। ७ मेरो मुखले साँचो कुरा बोल्दछ, किनभने मेरा ओठले दुष्टता घृणा गर्छन्। ८ मेरो मुखका सबै वचनहरू न्यायपूर्ण छन्, तिनीहरूमध्ये कुनै पनि बाङ्गोटिङ्गो छैन। ९ विवेकशील व्यक्तिको लागि ती सबै उचित छन्, ज्ञान हुने मानिसको निम्ति ती खोटरहित छन्।" हितोपदेश ८:६-९; "१३ जब उहाँ, अर्थात् सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ। उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन। उहाँले जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ, र हुन आउने कुराहरू तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ। १४ उहाँले मेरो महिमा गर्नुहुनेछ, किनभने जे मेरो हो, त्यो मबाट लिएर तिमीहरूलाई सो घोषणा गरिदिनुहुनेछ। १५ जे-जति पितासँग छन्, ती मेरा हुन्। यसैकारण मैले भनें, जे मेरो हो त्यो मबाट लिएर आत्माले तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ।" यूहन्ना १६:१३-१५; र "१९ तिनीहरूलाई स्वतन्त्रता दिलाइदिने प्रतिज्ञा गर्छन्, तर तिनीहरू आफै भ्रष्टताका दास छन्, किनकि जुन कुराले कुनै मानिसलाई जित्छ त्यही कुराले त्यसलाई दास बनाउँछ। २० तर यदि तिनीहरूले हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टलाई चिनेर पनि संसारका दूषित गराउने कुराबाट उम्किसकेपछि फेरि पापमा फसेर त्यसको वशमा परे भने, तिनीहरूको पछिल्लो अवस्था अगाडिको भन्दा अझ खराब हुन्छ। २१ किनभने तिनीहरूलाई दिइएको पवित्र आज्ञा जानिकन पनि पछि हट्नुभन्दा त बरु तिनीहरूलाई धार्मिकताको मार्ग कहिल्यै थाहै नभएको भए असल हुनेथियो।" २ पत्रुस २:१९-२१।

जब विलियम मिलरले बाइबलसँग बाइबल तुलना गरेर अध्ययन गरे तब उनको निम्ति बाइबलका रहस्यहरू खोलिएको थियो। उनले लुकेको धन जस्तै बाइबलमा सत्यहरूलाई खोजेका थिए र उनलाई प्रशस्त ज्ञानहरू प्राप्त गराइएका थिए। उनको बुझाइलाई सहयोग गर्न पवित्र आत्माले उनको निम्ति बाइबल खोलाइदिनुभएको थियो। बाइबलमा भएका भविष्यवाणीहरूको

अध्ययनमा उनी लगनशील भएर बाइबलका अरू अंशहरूसँग तुलना गरेर उनले अध्ययन गरे।

बाइबलका भविष्यवाणीहरूलाई बुझाउन देहायका पदहरूले हामीलाई के सिकाउँछ? हेर्नुहोस्, "यी चार जवान मानिसहरूलाई परमेश्वरले सब किसिमका साहित्य र शिक्षाको ज्ञान र समझ दिनुभयो। अनि दानिएल सबै किसिमका दर्शन र सपनाको अर्थ खोल्न सक्ने भए।" दानिएल १:१७; "४४ "यी राजाहरूको समयमा स्वर्गका परमेश्वरले एउटा राज्य खड़ा गर्नुहुनेछ, जुनचाहिँ कहिल्यै नष्ट हुनेछैन, न त यसको सार्वभौमिकता अरू कुनै जातिको हातमा दिइनेछ। यसले यी सबै राज्यहरूलाई चकनाचूर पार्नेछ र अन्त्य गर्नेछ, तर यो राज्यचाहिँ सदासर्वदा रहिरहनेछ। ४५ हजूरले देख्नुभएको ढुङ्गाको अर्थ यही हो, जुनचाहिँ मानिसको हातद्वारा नकाटिईकनै पहरोबाट आएको थियो– त्यो ढुङ्गा जसले फलाम, काँसो, माटो, चाँदी र सुनलाई धूलोपीठो पारिदियो। "महान् परमेश्वरले महाराजालाई भविष्यमा हुने कुराहरू देखाउनुभएको छ। त्यो सपना सत्य हो, र यसको अर्थ विश्वासयोग्य छ।" दानिएल २:४४-४५; "१० तिमीहरूका निम्ति हुन आउने अनुग्रहको विषयमा अगमवाणी बोल्ने अगमवक्ताहरूले यही मुक्तिको खोजी र तलाश गरेका थिए। ११ तिनीहरूभित्र हुनुभएका ख्रीष्टको आत्माले ख्रीष्टका कष्टहरू र त्यसपछि आउने महिमाको भविष्यवाणी गर्नुहुँदा देखाउनुभएको समय र परिस्थितिको बारेमा तिनीहरूले खोजी गरेका थिए। १२ तिनीहरूलाई यो प्रकट गरिएको थियो, कि तिनीहरूले आफ्ना होइन, तर तिमीहरूका सेवा गरिरहेका थिए। यी कुरा स्वर्गबाट पठाइनुभएका पवित्र आत्माबाट तिमीहरूलाई प्रचार भएको सुसमाचार सुनाउनेहरूद्वारा अहिले तिमीहरूलाई घोषणा भएको छ। स्वर्गदूतहरू पनि यी कुरा हेर्न अति उत्सुक छन्।" १ पत्रुस १:१०-१२; र "१ येशू ख्रीष्टको प्रकाश, जो परमेश्वरले चाँड़ै हुन आउने कुराहरू आफ्ना सेवकहरूलाई देखाउन उहाँलाई दिनुभयो। उहाँले आफ्नो दूत पठाउनुभएर यो कुरा आफ्नो सेवक यूहन्नालाई प्रकट गरिदिनुभयो। २ यूहन्नाले देखेका सबै कुराहरूको, अर्थात् परमेश्वरको वचन र येशू ख्रीष्टको साक्षीको गवाही दिए। ३ त्यो धन्य हो, जसले अगमवाणीका यी वचनहरू उच्च स्वरले पाठ गर्दछ, र धन्य हुन् तिनीहरू, जसले सुन्दछन् र त्यहाँ लेखिएका कुरा पालन गर्दछन्, किनकि समय नजिक छ।" प्रकाश १:१-३।

बाइबलमा विभिन्न भविष्यवाणीहरू प्रतीकद्वारा उल्लेखित गरिएका छन्। तर तिनीहरूको रहस्यमा ताल्चा लगाइएको छैन। प्रिय परमेश्वरले हामीलाई भविष्यवाणीको वचन दिनुभएको छ। संसारमा आउने विभिन्न महत्त्वपूर्ण घट्नाहरूको सामना गर्न हामी तयार होऔं भनेर परमेश्वरले हामीलाई अग्रिम सूचना दिनुभएको थियो। भविष्यवाणीलाई व्याख्या गर्न भविष्यवाणीले नै उत्तम तरिकाले दिन्छ भनेर विलियम मिलरले स्पष्टसँग बुझेका थिए। बाइबलमा भएका विभिन्न प्रतीक र चिन्हहरू बाइबलले नै स्पष्ट पार्दछ। पशुहरूले राजा वा राज्यहरूको प्रतिनिधित्व गर्दछ (दानिएल ७:१७,२३)। हुरी बतासले विध्वंसको प्रतिनिधित्व गर्दछ (यर्मिया ४९:३६)। पानीले मानिसहरू वा राष्ट्रहरूको प्रतिनिधित्व गर्दछ (प्रकाश १७:१५)। स्त्रीले चर्चको प्रतिनिधित्व गर्दछ। दानिएल र प्रकाशमा उल्लेखित समयको भविष्यवाणी पनि प्रतीको भाषामा लेखिएको छ। भविष्यवाणीमा एक दिनको अर्थ एक वर्ष भन्ने बुझाउँछ (गन्ती १४:३५, इजकिएल ४:६)। विलियम मिलरले ती व्याख्या गर्ने नीतिहरू बाइबल अध्ययन गर्न प्रयोग गरेका थिए। येशू ख्रीष्टको आगमनको समय कसरी ठिक थियो भनेर पत्ता लगाउँदा उनी चकित भएका थिए।

***हाम्रो विश्वासलाई बलियो बनाउन भविष्यवाणीहरूका प्रतिकहरूलाई ठिकसँग बुझ्न किन जरुरी छ?***

## ४. दानिएल ८:१४मा उल्लेखित २३०० दिनको भविष्यवाणी

एक हातमा बाइबल र अर्को हातमा इतिहास लिएर अगमवक्ताहरूले लेखेका भविष्यवाणीहरू अध्ययन गर्दा ती भविष्यवाणीहरू ठिक ठिकरूपमा पूरा भएको विलियम मिलरले पत्ता लगाएः अब्राहमका सन्तानको ४०० वर्षको यात्रा, इस्राएलीहरूको ४० वर्षसम्म मरुभूमिमा यात्रा, ७० वर्षसम्म इस्रायलीहरू बन्धक बनाइएका र इस्राएलीहरूलाई छुट्याइएका ७० वर्ष (उत्पत्ति १५:१३, गन्ती १४:३४, यर्मिया २५:११ र दानिएल ९:२४।

**येशूको पहिलो आगमन कहिले हुनेछ भनेर समय तालिक बाइबलमा तोकिएको थियो। यस बारे देहायका पदहरूले के भन्छ, हेर्नुहोस्, "येशूले भन्नुभयो, "समय पूरा भएको छ, र परमेश्वरको राज्य नजिक आइपुगेको छ। पश्चात्ताप गर, र सुसमाचारमा विश्वास गर।"मर्कूस १:१५; "समयको पूर्णतामा परमेश्वरले आफ्ना पुत्रलाई पठाउनुभयो। उहाँ एउटी स्त्रीबाट जन्मनुभयो, तथा**

**व्यवस्थाको अधीनमा जन्मनुभयो।" गलाती ४:४ र "हामी दुर्बल हुँदा नै ख्रीष्ट अधर्मीहरूका निम्ति ठीक समयमा मर्नुभयो।" रोमी ५:६।**

यदि बाइबलभरी परमेश्वरको समय तालिका छ भनेर प्रभुको दोस्रो आगमनको पनि समय तालिका हुनेछ भनेर विलियम मिलरले बाइबलको भविष्यवाणी बाइबलको एक पुस्तकबाट अर्को पुस्तक तुलना गरेर अध्ययन गरेका थिए।

**२३०० दिन वा वर्षहरूको अन्त्यमा के घट्ना हुनेछ भनेर भविष्यवाणी गरिएको छ? हेर्नुहोस्, " उनले मलाई भने, "दुई हजार तीन सय साँझ र बिहान लाग्नेछ, तब पवित्रस्थानको पूनःअर्पण हुनेछ।" दानिएल ८:१४।**

पवित्र स्थानको पूनःअर्पण, शुद्ध वा सफाइ गर्नेछ भन्नुको अर्थ यस पृथ्वीलाई नै आगोले शुद्ध गर्नेछ भन्ने इसाई लोकधारणालाई विलियम मिलरले पनि विश्वास गरेका थिए। यस्तो महत्त्वपूर्ण अद्भूत घट्नालाई राम्रोसंग बुझ्न विलियम मिलरले बढो मेहनतसाथ बाइबल अध्ययन गर्न थालेका थिए। उनले दानिएल ८ र ९को बिचमा केही न केही सम्बन्ध छ भनेर पत्ता लगाए। "यस मानिसलाई दिव्यदर्शन बुझाउ" भनेर स्वर्गदूतले भनेका दानिएल ८:१६मा उल्लेख गरिएको छ। त्यस अध्यायको अन्तमा दिब्यदर्शनको सबै भाग व्याख्या गरेपछि केवल २३०० वर्षको अर्थलाई मात्र व्याख्या नगरिएको थियो (दानिएल ८:२७)। पछि स्वर्गदूत फेरी फर्किए र घोषणा गरेन, "अब म तिमीलाई बुझ्न सक्ने क्षमता दिन म आएको छु" (दानिएल ९:२२, २३,२५-२७)। यसले २३०० दिन वा वर्षहरूको भविष्यवाणी बुझाउन सहयोग गरिएको थियो।

यो हामीलाई थाहा छ किनकि दानिएललाई "यस मामिलाको बारेमा सोच र दिव्यदर्शन बुझ" (दानिएल ९:२३) भनेपछि यो पहिलो वाक्य व्यक्त गरिएको थियो, "सत्तरी हप्ता तिम्रा जनहरू र पवित्र सहरको निम्ति छुट्याइएको छ वा आदेश जारी गरिएको छ" (दानिएल ९:२४)। छुट्याइएको वा आदेश जारी गरिएको अझरस अर्थमा सत्तरी हप्ता वा ४९० वर्ष अलग गरिएको छ। यो कुनबाट छुट्याइएको त दानिएल ८को २३०० दिन वा वर्षहरूबाट भनेर थाहा हुन्छ। यो भाग मात्र दानिएलले बुझेका थिएनन्, अब स्वर्गदूत आएर उनलाई बुझाउँछ।

*७० हप्ताको सुरु यरुशलेमको पुननिर्माण गर्न आदेश दिएको समयदेखि (दानिएल ९:२५) भएको हुँदा मिलरलाई थाहा थियो कि त्यो मिति थाहा पाएको भए ७० हप्ता र २३०० दिनको भविष्यवाणी बुझ्न सक्छ।*

## ५. सबभन्दा लामो भविष्यवाणीको समयतालिका

**एज्रा ७:७-१३ पढ्नुहोस्। बन्दी भएर गएका इस्राएलीहरूलाई पर्सियाबाट फर्केर तिनीहरूको मन्दिरको पुनःनिर्माण गर्न आदेश कहिले दिइएको थियो? " ७ अर्तासास्त राजाको सातौं वर्षमा केही इस्राएलीहरू, केही पूजाहारीहरू र लेवीहरू, गवैयाहरू र द्वारपालहरू र मन्दिरका सेवकहरू तिनको साथमा यरूशलेममा आए। ८ ती नै राजाको सातौं वर्षको पाँचौं महिनामा एज्रा यरूशलेममा पुगे। ९ पहिलो महिनाको पहिलो दिनमा तिनले बेबिलोनबाट यात्रा सुरु गरेका थिए, र पाँचौं महिनाको पहिलो दिनमा तिनी यरूशलेममा आइपुगे, किनभने परमप्रभुको कृपालु हात तिनीमाथि थियो। १० किनकि एज्राले परमप्रभुको व्यवस्था अध्ययन गर्न र पालन गर्न, र इस्राएलमा धर्म-विधि र धार्मिक शिक्षा सिकाउन आफैलाई समर्पण गरेका थिए। ११ इस्राएललाई दिनुभएका परमप्रभुका आज्ञा र धर्म-विधिको विषय र धार्मिक प्रश्नमा निपुण पूजाहारी-शास्त्री एज्रालाई अर्तासास्त राजाले दिएको राजकीय पत्रको नकल यही होः १२ "राजाहरूका महाराजा अर्तासास्तबाट स्वर्गका परमेश्वरको व्यवस्थामा निपुण पूजाहारी-शास्त्री एज्रालाई अभिवादनः १३ "म यो उर्दी दिँदैछु कि मेरो देशमा भएका कुनै इस्राएलीहरू, पूजाहारीहरू र लेवीहरूसमेत, जो राजी-खुशीसित यरूशलेममा जान चाहन्छन्, तिनीहरू तिमीसँग जान सक्छन्।" एज्रा ७:७-१३।**

ई.पू. ४५७मा पर्सियाका राजा अर्तासास्तबाट पर्सियाबाट इस्राएलीहरू फर्किन उर्दी दिएका थिए। इस्राएलीहरूले मन्दिरको पुननिर्माण र पूजा आराधना गर्नको विधिको पुनर्स्थापना गर्न दिएको तीन उर्दीहरूमा यो अन्तिम थियो। यो तेस्रो उर्दी अत्यन्तै पूरक उर्दी थियो। यो उर्दीले २३०० दिन वा वर्षको भविष्यवाणीको सुरुवात गरेको थियो।

**यो भविष्यवाणीको सम्पूर्ण समय कहिले सुरु हुन्छ? के मुख्य घट्नाहरूको बारेमा भविष्यवाणी गरेका छन्? ती के के हुन्? हेर्नुहोस्, " २४ "तिम्रो जाति र तिम्रो पवित्र सहरको निम्ति अपराध खतम पार्न, पाप समाप्त गर्न, दुष्टताको लागि प्रायश्चित गर्न, अनन्त धार्मिकता ल्याउन, दर्शन र अगमवाणीलाई मोहोर लगाएर बन्द गर्न र महापवित्र स्थानलाई अभिषेक गर्न सत्तरी 'सातहरूको**

**आदेश तोकिएको छ। २५ "यो जान र बुझ, यरूशलेमको पुनर्स्थापन र पुनर्निर्माण गर्न यो आदेश जारी गरेको समयदेखि अभिषिक्त जन, अर्थात् एक शासक नआउञ्जेलसम्म सात 'सातहरू' र बयसट्ठी 'सातहरू' हुनेछन्। गल्ली र सुरुङहरूसहित यसको पुनर्निर्माण हुनेछ, तर दुःखको समयमा। २६ बयसट्ठी 'सातहरू' पछि ती अभिषिक्त जन हटाइनेछन् र तिनीसँग केही पनि रहनेछैन। शासकका मानिसहरू आएर त्यस सहर र पवित्रस्थानलाई विनाश गर्नेछन्। अन्त बाढ़ीझैं आउनेछः लड़ाइँ अन्तसम्म रहनेछ, र उजाड़ अवस्थाहरूको आदेश जारी भएको छ।" दानिएल ९:२४-२६।**

यो अचम्म लाग्दो भविष्यवाणीमा दानिएलले यो भविष्यवाणी गरेकि यरुशलेमको पुननिर्माण र पुनर्स्थापना गर्ने उर्दीदेखि मसीहको आगमन ६९ भविष्यवाणीका हप्ताहरू वा ४८३ दिन वा वर्षहरू हुनेछ। ई.पू ४५७को शरद ऋतुमा उर्दी दिएको समयदेखि त्यो समय सन २७ सम्म फैलिएको थियो। यो ४८३ वर्षहरूको अन्त्य थियो। मसीह भन्नुको अर्थ अभिषेक गरिएको जन भनेर बुझाउने अर्थमूलक छ। सन २७ शरद ऋतुमा येशूलाई बप्तिस्मा दिइएको थियो र उहाँलाई पवित्र आत्माले अभिषेक गर्नुभएको थियो (प्रेरित १०:३८)। बप्तिस्मा पछि र उजाड स्थानमा भएको परीक्षा पछि येशू गालिलीमा जानुभएको थियो। "परमेश्‍वरको सुसमाचार प्रचार गर्दै येशू गालीलमा आउनुभयो। १५ उहाँले भन्नुभयो, "समय पूरा भएको छ, र परमेश्‍वरको राज्य नजिक आइपुगेको छ। पश्‍चात्ताप गर, र सुसमाचारमा विश्‍वास गर।"(मर्कूस १:१४,१५।

सन ३१को बसन्त ऋतु वा एक हप्ता भविष्यवाणीको बीचमा वा बप्तिस्माको साढे तीन वर्षपछि येशूलाई क्रूसमा टाँगिएको थियो। परमेश्वरको थुमालाई औंल्याउने बलिप्रथा वा धार्मिक विधानहरूको अन्त्य येशूलाई क्रूसमा टाँगिएपछि अन्त्य भएको थियो। प्रतिकले वास्तविकताले पूरा गरेको थियो। समय वित्दै जाँदा धर्म गर्ने संस्कार, बलिप्रथा, मन्दिरमा पूजाआजा गर्ने र भेटी चढाउने औपचारिक धार्मिक विधिहरूको समाप्त भएको थियो।

७० हप्ताको भविष्यवाणी कसरी समाप्त भयो? हेर्नुहोस् **"धेरै जनासित एक 'सात' को लागि तिनले एउटा करारको सदर गर्नेछन्। 'सात'-को बिचमा तिनले बलिदान र भेटीलाई समाप्त गर्नेछन्। अनि मन्दिरको एक भागमा तिनले**


**विनाशकारी घृणित थोक खड़ा गर्नेछन्, जबसम्म तिनीमाथि आदेश गरिएको अन्त खन्याइनेछैन।" दानिएल ९:२७।**

यहूदी जाति वा राष्ट्रको निम्ति विषेशगरेर छुट्याइएको ७० हप्ता वा ४९० वर्ष सन ३४मा समाप्त भएको थियो। सानहिड्रन वा यहूदी धर्मसभाले औपचारिक रूपमा सुसमाचारलाई अङ्गिकार गर्न अस्वीकार गरेको थियो (प्रेरित ६:८-७:६०)।

२३०० वर्षको भविष्यवाणीबाट ४९० घटाउँदा १८१० वर्ष हुन्छ जसले २३०० दिनको भविष्यवाणी समाप्त गर्दछ। यसले हामीलाई सन १८४४सम्म पुऱ्याउँछ। विलियम मिलर र सुरुका एडभेन्टिस्टहरूले यो विश्वास गरेका थिए कि दानिएल ८:१४मा पवित्रस्थान यस पृथ्वी हो। तिनीहरूले यो सोचेकी सन १८४४मा यस पृथ्वीलाई आगोबाट शुद्ध गरिनेछ।

**उपसंहारः**

**थप जानकारीः** ७० हप्ता र २३०० दिनको भविष्यवाणीको बारेमा बुझाउने मानचित्र वा चार्ट हेर्दा भविष्यवाणीको व्याख्या स्पष्टसँग बुझिन्छ। भविष्यवाणीहरू सुरु भयो ई.पू. ४५७मा। त्यसमा मसीह राजकुमारको भविष्यवाणीको वरिपरि हुने घट्नालाई औँल्याउँछ। ७० हप्ताको भविष्यवाणी मसीह वा अभिषिक्त जनको भविष्यवाणीको आधार हो। यो ठोस आधारमा खडा भएको २,३०० दिनको भविष्यवाणी सन् १८४४ मा समाप्त भएको थियो।




"येशूका प्रथम चेलाहरूले जस्तै विलियम मिलर र उनका सहयोगीहरूले तिनीहरूले बोकेका सन्देशको बारेमा पूरै जानकारी थिएन। वर्षौंसम्म चर्चमा भित्रिएका अनेकौं गलत धारणाहरूले गर्दा भविष्यवाणीको महत्त्वपूर्ण बुँदाको ठिक व्याख्यामा आउन सकेको थिएन। त्यसकारण, संसारलाई सुनाउने सन्देश परमेश्वरले तिनीहरूलाई दिएतापनि त्यस सन्देशलाई प्रष्ट बुझ्न नसकेकोमा तिनीहरू सन् १८४४मा महान् निराशको चेपटामा परेका थिए।"-द ग्रेट कन्त्रोभर्सी, पृ. ३५१, ३५२।

"यद्यपि, संसारलाई दिनुपर्ने न्यायको बारेमा चेतावनी दिन परमेश्वरले अनुमति दिनुभएको थियो। महान् दिन नजिकै छ। परमेश्वरकै इच्छा अनुसार निश्चित समयको परीक्षा गर्न उहाँले उहाँका जनहरूलाई एकत्रित पार्नुभएको थियो। तिनीहरूको हृदयमा के छ सो प्रकट गर्न मानिसहरूलाई जम्मा गरिएको थियो। त्यो सन्देश चर्चलाई जाँच्न र शुद्ध गर्ने योजना थियो। तिनीहरूको प्रेम, स्नेह र मोहको केन्द्रविन्दु यस संसार होकि खीष्ट र स्वर्गमा हो भनेर त्यस महान् निराशको घडीतिर मानिसहरूलाई डोऱ्याइएका थिए। ओठले तिनीहरू मुक्तिदातालाई माया गर्छु भनेर दावी गरेका थिए। अब तिनीहरूले उहाँलाई साँच्चिक्कै प्रेम गर्छन् कि भनेर प्रमाणित गर्नुपरेको थियो। के तिनीहरू सांसारिक आशा र महत्त्वाँक्षाहरू त्यागेर येशूको आगमनको आनन्दमा सहभागी हुन तिनीहरू तयार थिए त? त्यो सन्देशले तिनीहरूको सक्कली आत्मिक स्थितिको बारेमा निर्णय गर्न सक्षम् बनाइएको थियो। पश्चात्ताप र नम्र भएर प्रभुको खोजी गरोस् भनेर नै परमेश्वरले आफ्ना दयामा येशूको आगमनको सन्देश दिइएको थियो। –*द ग्रेट कन्त्रोभर्सी,* पृ. ३५८।

**चिन्तनमनन:**

**अ.** **विलियम मिलरको अनुभवले हामी के पाठ सिक्न सक्छौं? के परमेश्वरले बेलाबेलामा हाम्रा गलत बुझाइबाट आँखा चिम्लिनु हुन्छ त?**

**आ.** **बाइबलको इज्जत र खीष्टको परमेश्वरीय चिनारीलाई स्थायीत्व दिन दानिएल ९:२४-२७ बुझ्न किन महत्त्वपूर्ण छ?**

**इ.** **मुक्तिको योजनामा भविष्यवाणीलाई बुझ्न के भूमिका खेल्दछ? परमेश्वरको योजनामा भविष्यवाणी किन महत्त्वपूर्ण छ?**

**कथा ७**

## ताल्चा लगाएका हृदय खोल्दै

**एफ० एडगर नुनस्**

क्यानाडाको अन्टेरियो प्रदेशमा सिरियाबाट आएका शरणार्थीहरू छन्। एकदिन दुई शरणार्थीहरू किङ्गस्टन सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा आउँदा त्यस चर्चको पास्टरको हर्षको सीमा थिएन। कुनै पनि पाहुना आउँदा मलाई खुशी नै लाग्छ। तर अर्कै धर्मका आमा र छोरीलाई स्वागत गर्न पाउनु यो अपेक्षा नगरिएको अवसर थियो। तिनीहरूले हाम्रो बारेमा कसरी थाहा पाए त? हाम्रो आराधनाको सेवामा तिनीहरूलाई कसले निम्तो दिए त?

तिनीहरूसँग सोधपुछ गर्दा धेरै अगाडि देखिनै एक जना चर्चको सदस्यले तिनीहरूलाई साथी बनाएकी थिइन्। उनको नाउँ शर्ली थिए। शर्लीले सिरियाबाट आएका शरणार्थीहरूलाई साथी बनाइरहेकी थिइन्।

शर्लीको हृदय विशाल थियो। उनी अपरिचित, विशेष गरेर शरणार्थीहरूलाई हृदयदेखि नै साथी बनाउन रुचाउँथी। उनको न्यानो र हँसिलो मुस्कुराहतले कुनै पनि तगारो पग्लिन्थ्यो। उनले सकेसम्म मानिसहरूलाई सहयोग गर्न मन पराउँथिन्। उनको दया र करुणाले मानिसहरू प्रभावित भएका थिए। खानपिन र बनभोजमा उनले निम्तो दिएको परिवारले उनको निम्तोलाई स्वीकार गर्न जहिले पनि तयार हुन्थ्यो। सिरियाकी आमा एम्मा र उनकी छोरी हेबालाई शर्लीले साबथमा चर्चमा आउन निम्तो दिएकी थिइन्।

साबथको आराधना पछि चर्च बाहिर हामीले तिनीहरूलाई भेट्यौं। तिनीहरू हामीसँग कुरा गर्न निको मानेकी थिइन्। तिनीहरूको निम्ति प्रार्थना गर्न मैले अनुरोध गर्दा तिनीहरूले खुशीसाथ स्वीकार गरे। पछि तिनीहरूले उर्दु भाषामा यूहन्नाको सुसमाचार पढ्नुहुन्छ कि भनेर मैले अनुरोध गरें। यो क्यानाडिएन बाइबल सोसाइटले छापेको थियो।

"तपाईंले नाईं भने पनि म रिसाउँदिन," मैले भनें। उनले त्यो किताब लिइन्। "येशू अगमवक्ता हुनुहुन्छ भनेर हामी विश्वास गर्छौं। त्यसकारण, हामीले यो किताब पढ्नेछौं," उनले बताइन्।

केही दिन पछि शर्लीले मलाई फोन गरिन् कि म सुडानी भाषा बोल्छु कि भने। "अफ्रिकाबाट अर्को परिवार छ, त्यसकहाँ तपाईं जान अनुरो गर्दछु,"

उनले भनिन्। शर्लीको हृदयदेखि माया गर्ने बानी र अपरिचितहरूसँग न्यानो व्यवहार गर्ने गर्दा तिनीहरूको ताल्चा लगाएका हृदयहरू तिनले खोल्दै रहिन्। उनको उदाहरणले हामीलाई ख्रीष्टको तरिका पछ्याउन हामीलाई उत्साह दिन्छ। "मानिसहरूको हृदयमा पस्न केवल येशूको तरिकाले मात्र सही सत्य कार्य हासिल गर्न सकिन्छ। मानिसहरूको हित खोज्ने आभास दिएर मुक्तिदाता मानिसहरूसँग घुलमिल गर्नुभएको थियो। तिनीहरूलाई उहाँले सहानुभूति देखाउनुभएको थियो। तिनीहरूका समस्याहहरूमा उहाँले सहयोग गर्नुभयो। तिनीहरूको विश्वास उहाँले जित्नुभयो। अनि 'मेरो पछि लाग' भनेर उहाँले अऱ्हाउनुभयो।"-*मिनिस्त्री अभ हिलिङ्ग,* पृ. १४३।

शर्लीले मानिसहरूसँग घुलमिल गर्छिन्। तिनीहरूका कुराहरू सुन्छिन्। तिनीहरूको सेवा गर्छिन्। कुनै नियत नभएको प्रेमले तिनीहरूलाई प्रेम गर्छिन्। तिनीहरू जस्तो छ त्यस्तै उनले माया गर्छिन्। त्यसले गर्दा धर्म, जात र देशविदेशको बीचमा रहेका अत्यन्तै अल्गो पर्खालहरू भत्किन्छ। जसरी शर्लीले दिनदिनै मानिसहरूको हृदयमा पस्छिन्, हामी पनि त्यसै गर्न सक्छौं।

येशूले भन्नुभयो, "तिमीहरू एक आपसमा मायाप्रेम गऱ्यौ भने तिमीहरू मेरा भक्तहरू हौ भनेर मानिसहरूले पहिचान गर्न सक्नेछन्," यूहन्ना १३:३५ रूपान्तरित। जुन प्रेमले हामी उहाँका चेलाहरू हौं भनेर प्रकट गर्छौ त्यही प्रेम अपरिचित मानिसहरूलाई हामीले देखाउन सक्यौं भने तिनीहरू पनि उहाँका चेलाहरू हुन चाहना गर्नेछन्।